बैठक सङ्ख्या : १

आज मिति २०७९।०७।२९ गते सोमबारका दिन यस गाउँपालिकाका उपाध्यक्ष एवम् अनुगमन समिति संयोजक श्री भुपेन्द्रा बुढाज्यूको संयोजकत्वमा विभिन्न राष्ट्रिय/अन्तर्राष्ट्रिय सरकारी तथा गैर सरकारी सङ्घ संस्थाबीच विविध विषयमा तपसिलका उपस्थितिमा देहाय बमोजिमका निर्णयहरु गरियो।

**उपस्थितिहरु :**

| | |
|---|---|
| भुपेन्द्रा बुढा | गाउँपालिका उपाध्यक्ष |
| बशिष्ट नारायण यादव | कार्यालय प्रमुख |
| नवराज खड्का | लेखा प्रमुख |
| समिर गिरी | स्वास्थ्य संयोजक |
| राम प्रसाद खड्का | शिक्षा शाखा प्रमुख |
| ओम प्रकाश ओली | कृषि विकास शाखा प्रमुख |
| भीम प्रकाश के सी | जिन्सी शाखा प्रमुख |
| हरि चन्द्र वि क | स क अ |
| शिव अधिकारी | प्रतिनिधि, यूनाइटेड मिसन टू नेपाल |
| एन्श्वर पुन | प्रतिनिधि, मिक नेपाल |
| रविना घर्ती मगर | प्रतिनिधि, विकास सरोकार समाज |
| कृष्ण बहादुर बुढा | प्रतिनिधि, यूनाइटेड मिसन टु नेपाल |
| सामना घर्ति मगर | प्रतिनिधि, सर्वाङ्गीण विकास केन्द्र |

गाउँपालिका पदाधिकारी, गाउँपालिकाका विषयगत शाखाहरु र साझेदार संस्थाबीच आज बसेको बैठकले देहाय बमोजिमका निर्णय गरियो ।

**निर्णयहरु :**

१. यस गाउँपालिकाको भौगोलिक क्षेत्रभित्र कार्यक्रमहरु संचालन गर्ने विभिन्न गैर सरकारी संघ संस्थाहरु र साझेदार संस्थाहरुले कार्यान्वयन गर्ने वार्षिक बजेट तथा कार्यक्रम निर्माण गर्दा अनिवार्य गाउँपालिकासँग समन्वय गर्ने र सो सम्बन्धमा गाउँपालिकाको बजेट सभा बस्नुपूर्व जानकारी गराउने ।

२. गैरसरकारी संघ संस्थाहरु र साझेदार संस्थाहरुले गाउँपालिकाको क्षेत्रभित्र संचालन गरेका विभिन्न कार्यक्रमहरुको प्रगति प्रतिवेदन फिल्डमा कार्यरत कर्मचारी मार्फत हरेक महिनाको अन्तिम शुक्रबारका दिन सम्बन्धीत विषयगत शाखा मार्फत गाउँकार्यपालिकामा पेश गर्ने ।

३. गैर सरकारी संघ संस्थाहरु र साझेदार संस्थाहरु मार्फत गाउँपालिकामा संचालन भईरहेका कार्यक्रमहरुको विविध पक्षको बारेमा छलफल गर्न हरेक दुई महिनाको अन्तिम शुक्रबारको दिन गाउँपालिकाका पदाधिकारीहरुसँग संस्थाका प्रमुख, परियोजना संयोजक र फिल्डमा कार्यरत कर्मचारीहरुको संयुक्त बैठक गाउँकार्यपालिकाको कार्यालयमा बस्ने ।